नेपाल सरकार

# ऊर्जा मन्त्रालय

## विद्युत उत्पादनको अनुमतिपत्र

(माथिल्लो खोरुङ्गा खोला साना जलविद्युत आयोजना : ७,५०० कि. वा.)

अनुमतिपत्र संख्या: वि.वि.वि. ०७३/७४ वि.उ. १६८

श्री तेह्रथुम पावर कम्पनी प्रा. लि.
बागबजार, काठमाडौं ।
पो. ब. नं. १४१३०, काठमाडौं
फोन नं./फ्याक्स : ९७७-०१-४२४०६६१

महाशय,

विद्युत उत्पादनको लागि अनुमति पाउन मिति २०७३ ०४ १९ मा दिनुभएको दरखास्त अनुसार, देहायका विवरणहरु खोली नेपाल सरकार, मन्त्रिपरिषदको आर्थिक तथा पूर्वाधार समितिको मिति २०७२/१०/१३ को निर्णय तथा ऊर्जा मन्त्रालय (उप-प्रधान तथा ऊर्जामन्त्रिस्तर)को मिति २०७३/२/६ को निर्णयानुसार नेपाल सरकार, ऊर्जा मन्त्रालय र तेह्रथुम पावर कम्पनी प्रा.लि. बिच माथिल्लो खोरुङ्गा खोला साना जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र जारी गर्ने सम्बन्धमा विद्युत ऐन, २०४९ को दफा ३५ बमोजिम मिति २०७३/०३/१६ को अनुसूची १ मा संलग्न करारनामा र विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा (२) तथा विद्युत नियमावली, २०५० को नियम १७ बमोजिम देहायका शर्तहरु सहित यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. अनुमतिपत्र पाउने व्यक्ति वा संगठित संस्थाको पुरा नाम र ठेगाना :
श्री तेह्रथुम पावर कम्पनी प्रा. लि.
सम्पर्क ठेगाना
बागबजार, काठमाडौं ।
पो. ब. नं. १४१३०, काठमाडौं
फोन नं. फ्याक्स : ९७७-०१-४२४०६६१
इमेल: terhathumpe@gmail.com

२. विद्युत परियोजनाको नाम : माथिल्लो खोरूङ्गा खोला साना जलविद्युत आयोजना ।
जडित क्षमता : ७,५०० किलोवाट ।
सरदर वार्षिक उत्पादन : ४२.९६ गिगावाट घण्टा विद्युतशक्ति ।

३. विद्युत शक्ति उत्पादन गर्ने साधन : जलस्रोत ।

४. जलस्रोत उपयोग गरिने भए :
क. नदीको नाम : खोरूङ्गा र ईवा खोला (खोरूङ्गा र ईवा खोलाको पानी प्रयोग गर्ने गरी) ।
ख. जलस्रोत उपयोग गर्न पाइने क्षेत्र :

| | |
|---|---|
| अ. अञ्चल | : कोशी । |
| आ. जिल्ला | : तेह्रथुम । |
| इ. गा.वि.स. | : मोराहाङ, श्रीजुङ, ओयाक्जुङ र पौठाक गा.वि.स.हरु । |
| पूर्व | ८७° ३२' ३०" पूर्वी देशान्तर । |
| पश्चिम | ८७° ३१' २०" पूर्वी देशान्तर । |
| उत्तर | : २७° १३' ५९" उत्तरी अक्षांश । |
| दक्षिण | : २७° ११' २४" उत्तरी अक्षांश । |

ग. प्रयोग गरिने जलस्रोतको परिणाम : डिजाइन डिस्चार्ज (Design Discharge) ३.१५ घनमीटर प्रति सेकेण्ड र ग्रस हेड २९६.५७ मी. ।